# त्रिभुवन विश्वविद्यालय
## इन्जिनियरिंग अध्ययन संस्थान
# पुल्चोक क्याम्पस

आनन्द निकेतन, पुलचोक ।
ललितपुर ।

२०७०।८।६

**स्नातकोत्तर (M.Sc.) तहमा रिक्त सिटमा भर्नाको लागि पुनः आवेदन आव्हान सम्बन्धी सूचना ।**

शैक्षिक बर्ष २०७०।०७१ मा यस क्याम्पसको **स्नातकोत्तर (M.Sc.)** तहमा भर्नाको लागि प्रकाशित तेश्रो सूची सम्ममा भर्ना नभई निम्न कार्यक्रममा निम्न अनुसार सिट रिक्त रहेकोले सो स्थानमा भर्नाको लागि इन्जिनियरिंग अध्ययन संस्थानव्दारा लिइएको प्रवेश परीक्षामा उत्तिर्ण भएकाहरु मध्येबाट पुनः आवेदन आव्हान गरिएको छ ।

पुनः आवेदन फाराम २०७० मंसिर ७ गते शुक्रवार दिनको १०:०० बजेदेखि २:०० बजेसम्ममा यस क्याम्पसको सूचना प्रविधि केन्द्रमा दर्ता गराईसक्नु पर्नेछ । फाराम शुल्क रु. २००।- लाग्नेछ । एक विषयमा आवेदन दिनका लागि थप शुल्क लाग्ने छैन । एक भन्दा बढी प्राथमिकता तोकेको विषयकोलागि प्रति विषय रु. २००।- थप शुल्क लाग्नेछ ।

**निम्न आवेदकहरुले पुनः आवेदन दिन सक्नेछन् :**

१) क्याम्पसको Online Form भर्न छुट भएकाहरु ।
२) यस अघि आवेदन गरी नाम प्रकाशन नभएकाहरु
३) सूचीमा नाम प्रकाशित भई भर्ना हुन छुट भएकाहरु
४) भर्ना भई सकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरु

उपरोक्त आवेदकहरुले दिएको पुनः आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार चौथो र पाचौं सूची निम्न मितिहरुमा प्रकाशित गरिनेछ  र सोही बमोजिम भर्ना गर्नु पर्नेछ ।

| सूची क्रम | मिति | दावि विरोध मिति | भर्ना हुने मिति |
|---|---|---|---|
| चौथो सूची | २०७० मंसिर ८ गते १०:०० बजे | २०७० मंसिर ८ गते १०:०० देखि १२:०० बजेसम्म | २०७० मंसिर ९ गते ११:०० देखि ४:०० बजेसम्म |
| पाचौं सूची | २०७० मंसिर १० गते १०:०० बजे | २०७० मंसिर १० गते १०:०० देखि १२:०० बजेसम्म | २०७० मंसिर ११ गते ११:०० देखि ४:०० बजेसम्म |

रिक्त सिट संख्या

| सि.नं. | कार्यक्रम | रिक्त सिट संख्या |
|---|---|---|
| १. | Urban Planning Full Fee | ३ |
| २. | Climate Change Full Fee | २ |

नोटः भर्ना भइसकेका विद्यार्थीहरुले समेत कार्यक्रम परिवर्तनका लागि निवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त सिटमा निस्किएमा निज भर्ना भएको कार्यक्रममा सिट रिक्त हुन सक्नेछ । साथै चौथो सूची प्रकाशन पुर्व भर्ना भइसकेका विद्यार्थीले भर्ना रद्द गरी स्थान रिक्त रहन आएमा सो समेत समावेश गरिनेछ । तसर्थ आफुलाई इच्छा भएको कुनैपनि कार्यक्रमहरुमा प्राथमिकता भर्न सकिनेछ ।

अध्यक्ष
भर्ना समिति २०७०

**बोधार्थ :**

श्रीमान डीनज्यू, इ.अ.संस्थान, डीनको कार्यालय, पुल्चोक ।
श्री प्रवेश परीक्षा बोर्ड, इ.अ.सस्थान, पुल्चोक ।
श्री विभागीय प्रमुखज्यू सिभिल/ आर्किटेक्चर/ इलेक्ट्रोनिक तथा कम्प्युटर/ इलेकिट्रकल/ मेकानिकल/ आर्किटेक्चर/ विज्ञान तथा मानविकी
श्री सूचना प्रविधि केन्द्र, /श्री शैक्षिक प्रशासन शाखा/श्री आर्थिक प्रशासन शाखा/श्री पुस्तकालय पुल्चोक क्याम्पस ।
श्री त्रि.वि.प्राध्यापक संघ/ श्री त्रि.वि. कर्मचारी संघ पुल्चोक क्याम्पस/श्री स्वतन्त्र विद्यार्थी युनियन, पुल्चोक क्याम्पस ।